लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

पाल्पा, तानसेन

**व्यवसायिक तथा सीपमूलक तालिम प्राप्त गर्न इच्छुक व्यक्तिहरुले आवेदन पेश गर्ने सम्बन्धि सूचना।**

**प्रथम पटक प्रकाशित मिति २०८३।०५।१०**

यस कार्यालयको चालु आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत मागमा आधारित तालिम सञ्चालनका लागि रु. ४ लाख रकम विनियोजन भएकोले आफुलाई आवश्यक तालिम माग गर्दै यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालयमा स्वयं उपस्थित भई वा कार्यालयको इमेल : csiopalpa@gmail.com मार्फत तोकिएको ढाँचामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**नोट:**

- निवेदक १८ बर्ष पूरा भएको, लुम्बिनी प्रदेश भित्र स्थायी बसोबास भएको हुनुपर्नेछ। (पाल्पा जिल्लाका स्थायी बासिन्दालाई प्राथमिकता दिइनेछ।)
- माथि उल्लेखित तालिम कार्यक्रमका लागि कम्तिमा १५ जना व्यक्तिहरुको आवेदन पेश नभएमा उक्त तालिम सञ्चालन गरिने छैन।
- आफुले माग गरेको तालिम यस भन्दा अगाडी नलिएको स्वघोषणा पेश गर्नुपर्नेछ।
- तालिम पश्चात लघु,घरेलु तथा साना उद्योग सञ्चालन गरि स्वरोजगार हुने स्व: घोषणा पत्र वा सिप सिकिसकेपछि कुनै उद्योग, प्रतिष्ठानमा रोजगारी गर्ने भए उक्त उद्योग/प्रतिष्ठान सँगको सम्झौता पत्र ।
- प्रशिक्षार्थीको योग्यता,छनौट,आचारसंहिता तथा तालिम सम्बन्धी अन्य कार्यविधि लुम्बिनी प्रदेश सरकारको "व्यवसायिक तथा सीपमूलक तालिम सञ्चालन कार्यविधि " बमोजिम हुनेछ।
- तालिम आवेदन फारम कार्यालयबाट वा कार्यालयको फेसबुक पेज घरेलु उद्योग कार्यालय पाल्पा बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

पुनश्च कृपया : तालिम लिनका लागि मात्र तालिम लिएर सरकारी बजेट दुरुपयोग नगरिदिनुहोला ।

(थप जानकारीको लागि घरेलु तथा साना उद्योग कार्यालय, पाल्पाको फोन नं.०७५-५२०२३२ वा सूचना अधिकारी मो.न.९८५७०७९४३२ वा उद्यम विकास सहजकर्ता (मनोज घिमिरे) को मो.नं. ९८५७०८३४३२ मा सम्पर्क गर्न सकिनेछ।)

वरिष्ठ उद्योग अधिकृत